४४

# हरिवन नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन/स्तरवृद्धि तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

## हरिवन नगरपालिका सर्लाही
### प्रदेश नं. २, नेपाल

स्वीकृत मिति: २०७८/०३/१०

# हरिवन नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन/स्तरवृद्धि तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**प्रस्तावना :** सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरु समायोजन भई हरिवन नगरपालिकामा कामकाज गर्न खटिए पश्चात साविकको स्थानीय निकायमा प्रवेश गरी हाल सम्म स्थायी रुपमा कार्यरत रहेको कर्मचारीहरुको समायोजन भएको तर वृद्धि विकास नभएको कारण हरिवन नगरपालिकाको समग्र कार्य सम्पादनमा सुधार ल्याउन कर्मचारी ।समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा (४) समेत लाई अधार मानि नगर भित्र कार्यरत रहेका र अन्य स्थानीय निकायबाट सरुवा भई नरपालिकामा पदस्थापन भएका कर्मचारीहरुको समायोजन/स्तरवृद्धि गर्ने सम्बन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनिय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम हरिवन नगरपालिकाको पाँचौ नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम " हरिवन नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन/स्तरवृद्धि तथा सेवा सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) **"कर्मचारी"** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको हरिवन नगरपालिकाको स्वीकृत दरबन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थायी वा अन्य स्थानीय निकायबाट हरिवन नगरपालिकामा पदस्थापन भएको र यो ऐन जारी हुँदाका बखत सेवामा कार्यरत कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले हरिवन नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) **"तोकिएको" वा "तोकिएको बमोजिम"** भन्नाले यस ऐन र नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **"नगर सभा"** भन्नाले हरिवन नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **"स्थानीय सेवा"** भन्नाले हरिवन नगरपालिकामा रहेको कर्मचारीको सेवा समूहलाई सम्झनुपर्छ ।

(छ) **"नगरपालिका"** भन्नाले हरिवन नगरपालिकालाई सम्झनु पर्छ ।

(ज) **"स्थानीय कानून"** भन्नाले हरिवन नगरपालिकाबाट जारी भएका कानूनलाई सम्झनु पर्छ ।

३. **स्थानीय सेवाका कर्मचारी समायोजन/स्तरबृद्धि गर्ने :** (१) साविकको स्थानीय निकायको रुपमा नगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा स्थायी नियुक्ति भई ५ वर्ष सेवा अवधि पुरा गरेका नगरपालिकामा स्तर वृद्धि विनै समायोजन/सरुवा, पदस्थापन भएका र यो ऐन जारी हुदाँका बखत नगरपालिकामा कार्यरत सम्बन्धित स्थानीय निकायमा कार्यरत स्थायी कर्मचारीहरुको समायोजन/स्तरबृद्धि गरिनेछ ।

(२) उपदफा (१) बमोजिम सेवाका कर्मचारीहरुको समायोजन/स्तरबृद्धि देहाय बमोजिम हुनेछ :

| क.स. | साविकको तह | समायोजन पश्चात | पद नाम |
|---|---|---|---|
| १. | श्रेणी विहिन | एक स्तरवृद्धि | वृद्धि हुने स्तर |
| २ | सहायकस्तर द्वितिय | सहायकस्तर तृतिय | सहायक तृतिय |
| ३. | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायक चौथो |
| ४. | सहायकस्तर चौथो | सहायकस्तर पाँचौ | सहायक पाँचौ |
| ५. | सहायकस्तर पाँचौ | अधिकृतस्तर छैठौं | अधिकृत छैठौं |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्बन्धित सेवा वा समुह जनाई पदनाम कायम हुनेछ ।

(४) सहायक स्तर पहिलो तहका विभिन्न पदमा कार्यरत कर्मचारीको हकमा हालको तहमा एक स्तर बृद्धि हुनेछ ।

(५) यस दफा बमोजिम स्थानीय सेवाका कर्मचारी समायोजन/स्तरवृद्धि गर्दा कायम हुने तलव निजले साविकमा खाईपाई आएको तलब भन्दा कम हुने भएमा ग्रेड थप गरी तलव मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम समायोजन/स्तरवृद्धि स्वीकार गर्ने कर्मचारीहरुले समायोजन/स्तरवृद्धिबाट कायम हुने तहका निम्ति तोकिएको तलबमान र सुविधाहरु प्राप्त गर्नेछन् । गणना हुने जेष्ठताको आधार लिई समायोजन/स्तरवृद्धि हुनुपुर्व अवधिको तलव तथा भत्ताहरुको दावी गर्न पाइने छैन ।

४. **समायोजन/स्तरवृद्धिको पत्र दिने :** (१) यस ऐन बमोजिम समायोजन भएपश्चात स्थानीय सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन/स्तरवृद्धि भएको पत्र दिनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिम दिईने स्तरवृद्धि पत्र अनुसुचि १ बमोजिमको हुनेछ ।

५. **पदस्थापन गरिने :** यस ऐन बमोजिम समायोजन भए पश्चात नगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरबन्दि पुनरावलोकनले निर्धारण गरे बमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापन गरिने छ ।

६. **समायोजन भएका कर्मचारीहरुको सेवा सुविधा :** यस ऐन बमोजिम समायोजन/स्तरवृद्धि भएका स्थानीय सेवाका कर्मचारीहरुको तलव अन्य सुविधा प्रदेश सरकार र नेपाल निजामति कर्मचारी सरह स्थानीय कानुनले तोके बमोजिम हुनेछ ।

७. समायोजन/स्तरवृद्धि नहुने: (१) कर्मचारी समायोजन ऐन २०७५ बमोजिम स्थानीय तहमा समायोन हुँदाका बखत स्तर वृद्धि भई समायोजन भएका कर्मचारीहरुको पुन: स्तर वृद्धि हुने छैन ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएको भएतापनि कानून अनुसार बढुवा भई स्तरवृद्धि हुन भने वाधा पर्ने छैन ।

८. **जेष्ठताको गणना :** (१) यस ऐन बमोजिम समायोजन/स्तरवृद्धि हुने कर्मचारीहरुको जेष्ठता समायोजन/स्तरवृद्धि हुनु पुर्वको तहमा काम गरेको अवधिलाई समायोजन/स्तरवृद्धि भई कायम हुने पदका लागी गणना गरिनेछ ।

(२) उपदफा (१) बमेजिम जेष्ठता गणना भएता पनि समायोजन/स्तरवृद्धि पश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भए पश्चात मात्र लागु हुनेछ ।

९. **आवश्यक व्यवस्था मिलाउने :** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकुल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

अनुसुचि १
दफा ४ को उपदफा (२) सँग सम्बन्धित

**समायोजन/स्तरवृद्धि पत्र**

पत्र संख्या :
चलानी नं. :

मिति:

श्री ......................
...............................

विषय : **समायोजन/स्तरवृद्धि गरिएको सम्बन्धमा** ।

हरिवन नगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन/स्तरवृद्धि तथा सेवा सुविधा सम्बन्ध व्यवस्था गर्न बनेको ऐन, २०७८ को दफा ३ बमोजिम.............................................. देखि जेष्ठता गणना हुने गरी तपाईलाई हरिवन नगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन/स्तरवृद्धि गरिएको छ । आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही ईमान्दारितापूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ ।

समायोजन/स्तरवृद्धि हुनु भएकोमा बधाई छ ।

| **साविकको विवरण** | **समायोजन**/स्तरवृद्धि पछिको विवरण |
|---|---|
| पद : | पद : |
| तह : | तह : |
| सेवा : | सेवा : |
| समुह : | समुह : |

**बोधार्थ :**
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।
श्री मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय, प्रदेश नं. २, जनकपुर
श्री प्रदेश लोकसेवा आयोग, जलेश्वर ।
श्री कर्मचारी संचय कोष, ठमेल ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर ।
श्री हरिवन नगरपालिका, आर्थिक प्रशासन शाखा ।